# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०५।०३ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला लमजुङ, सुन्दरबजार नगरपालिकास्थित आदर्श बाल माध्यमिक विद्यालयमा माध्यमिक तहमा कार्यरत शिक्षक नवराज के.सी.ले वि.सं. २०६३ मा शिक्षक सेवा आयोगबाट नेपाल सरकारको निर्णयानुसार अस्थायी विस्थापित शिक्षकलाई एकपटक आन्तरिक प्रतिष्पर्धा गर्न दिने भनी निर्णय गरे अनुसार निजले आफूखुसी माध्यमिक विद्यालय अस्थायी पदबाट राजीनामा दिई प्राथमिक विद्यालय तहको नियुक्ति लिएको व्यक्तिले जालसाजीपूर्ण ढंगबाट माध्यमिक तहमा विस्थापित शिक्षक हुँ भनी झुटा विवरण पेस गरी आन्तरिक परीक्षामा सामेल भई माध्यमिक तहमा सिफारिस भएतापनि निजको माध्यमिक तहमा प्रवेश पूर्णतः अवैधानिक भई राज्यलाई जालसाजी गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आदर्श बाल माध्यमिक विद्यालयमा कार्यरत शिक्षक नवराज के.सी.ले झुटा विवरण पेस गरी विज्ञापनको न्यूनतम योग्यतानै नपुगेको व्यक्तिले शिक्षक सेवा आयोगबाट मिति २०६१।०८।१५ मा अस्थायी शिक्षकहरुको लागि प्रकाशन गरेको विज्ञापनमा मिति २०६१।०३।०२ मा नै स्थायी प्राथमिक विद्यालय शिक्षकको नियुक्ति लिइसकेको अवस्थामा निजले माध्यमिक विद्यालय शिक्षकको परीक्षामा सामेल भई माध्यमिक विद्यालय शिक्षकको स्थायी नियुक्ति लिएको, निजले अनुसन्धानको क्रममा आफू विस्थापित शिक्षक नभएको र स्थायी शिक्षक भई राजीनामा दिई गएको स्वयंम स्वीकार गरेको, शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापनको बुँदा नं. (ङ) बमोजिम प्राप्त दरखास्त फारममा आवेदन दिने शिक्षक विस्थापित वा अस्थायी रुपमा कार्यरत भएको व्यहोरा जिल्ला शिक्षा कार्यालयबाट दरखास्त फारममा प्रमाणित गर्नुपर्ने भनी उल्लेख भएकोमा निजले पेस गरेको झुटा विवरण तत्कालीन जिल्ला शिक्षा कार्यालयका निमित्त जिल्ला शिक्षा अधिकारी होमनाथ न्यौपानेले स्वीकृत गरेको देखिँदा प्रतिवादीहरु नवराज के.सी. र होमनाथ न्यौपानेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कसुरजन्य कार्य भएकोले उल्लिखित कसुरमा संलग्न निज प्रतिवादीहरुउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>देहायः</u>

| क्रस | नामथर पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | आदर्श बाल माध्यमिक विद्यालय, लमजुङका शिक्षक **नवराज के.सी.** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २. | तत्कालीन जिल्ला शिक्षा कार्यालयका निमित्त जिल्ला शिक्षा अधिकारी **होमनाथ न्यौपाने** | मुख्य कसूरदारले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको देखिँदा मुख्य कसूरदारलाई हुने |

| | | |
|---|---|---|
| | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजायलाई आधार मानी सोही ऐनको दफा २२ बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने